# अर्थ

अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यमा आएको गिरावटका कारण नेपालमा आइतबार राती १२ बजेबाट लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यमा समायोजन गरिएको नेपाल आयल निगमले जनाएको छ।

2018, JUN
Monday
18

# पेट्रोलियम पदार्थको मूल्य घट्यो




**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा हेरफेर गरेको छ। अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यमा आएको गिरावटका कारण नेपालमा आइतबार राती १२ बजेबाट लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यमा समायोजन गरिएको नेपाल आयल निगमले जनाएको छ।

निगमले समायोजन गरेको नयाँ मूल्यसूचीअनुसार पेट्रोलमा डिजेल र मट्टितेलको मूल्य घटेको छ। भारतीय आयल निगम (आईओसी)ले पठाएको नयाँ मूल्य सूचीअनुसार पेट्रोलमा ३ रुपियाँ डिजेल र र मट्टितेलमा २ रुपियाँ घटाएको नेपाल आयल निगमले जनाएको छ।

निगमले समायोजन गरिएको नयाँ मूल्यसूची अनुसार प्रतिलिटर पेट्रोलको मूल्य १ सय १० रुपियाँ डिजेल र मट्टितेलमा क्रमश: प्रतिलिटर ९३ रुपियाँमा कायम गरिएको निगमले जनाएको छ। जुन महिनाको पहिलो हप्ता निगमले अन्तराष्ट्रिय बजार अनुसार मूल्य समायोजन गर्दै पेट्रोलमा प्रतिलिटर १ सय १३ रुपियाँ कायम गरेको थियो। समायोजन पछि निगमलाई पेट्रोलमा शून्य दशमलव ६२ पैसा, डिजेल र मटितेलमा २ रुपियाँ घाटा रहेको निगलका प्रवक्ता वीरेन्द्र गोइतले जानकारी दिनुभएको छ।

त्यसैगरी डिजेल र मट्टितेल ९५ रुपियाँ र हवाई इन्धन सय रुपियाँ प्रतिलिटर पुगेको कायम गरिएको थियो। गत साता अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य ७६ दशमलव ५ अमेरिकी डलर बराबर मूल्य वृद्धि भएको थियो।

निगमले हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखेको जनाएको छ। एलपी ग्यासको मूल्य १३ सय ७५ रुपियाँ रहेको छ।

हाल हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर १ सय रुपियाँ अन्तर्राष्ट्रिय बजारमा प्रति एक हजारलिटर १०७५ अमेरिकी डलर छ। मूल्य समायोजन गर्दा निगमको १५ दिनको घाटा ७ करोड ८४ लाख रुपियाँ रहने नेपाल आयल निगमले जनाएको छ भने यसअघि निगमको अर्धमासिक घाटा १८ करोड ६२ लाख रुपियाँ बराबर हुने देखिएको छ भने मूल्य समायोजन नगर्दा मासिक ५५ करोड १७ लाख रुपियाँ घाटा हुने देखिन्छ थियो।

भारतीय आयल निगम (आईओसी)ले १ र १५ तारिखमा नयाँ मुल्य सूची पठाउदै आएको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९१।०० | ८८।०० | ९१।०० | ९१।०० |
| सिमरा, बिरगंज, कलैया | ८९।४० | ८६।४० | ८९।४० | ८९।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०।४० | ८७।४० | ९०।४० | ९०।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९१।९५ | ८८।९५ | ९१।९५ | ९१।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०।१० | ८७।१० | ९०।१० | ९०।१० |
| पोखरा, स्याङ्जा | ९०।६० | ८७।६० | ९०।६० | ९०।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**
**को**

**ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना**

**प्रकाशित मितिः २०७५/०३/०४**

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको हेटौडा तथा विरगञ्ज शाखा कार्यालयबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यवहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

**शाखा कार्यालयः हेटौडा**

**१.कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा**



ऋणीको नाम : श्री प्रेमनाथ महतो/जया देवि
नाम : श्री प्रेमनाथ महतो
बाबु : श्री बुधन महतो कोइरी
बाजे : श्री लोचन महतो
ठेगाना : नकटाझिज गा. वि. स. वडा नं. ६, धनुषा
ना.प्र.नं. : १७३१००/६७२ (धनुषा)



नाम : श्री जया देवि
बाबु : श्री सत्य नारायण महतो कोइरी
पति : श्री प्रेमनाथ महतो
ठेगाना : नकटाझिज गा. वि. स. वडा नं. ६, धनुषा
ना.प्र.नं. : १७११००/२८७ (धनुषा)

**धितो सुरक्षण धनीको नाम :- प्रेमनाथ महतो**

| सि.नं. | जिल्ला | गा.वि.स./न. पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मकवानपुर | हेटौंडा | १० | २९२३ | ०-०-८ | सो जग्गामा निर्माण भएको तथा पछी भविष्य मा निमार्ण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**शाखा कार्यालयः विरगञ्ज**

**२.कर्जा शिर्षक : सिटिजन्स सुन कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : विकास कुमार साह
बाबु : चन्देश्वर प्रसाद साह तेली
बाजे : कौलेश्वर साह
ठेगाना : गञ्जभवानीपुर-१, बारा
ना.प्र.नं. : ३३-०१-७१-०४३८४



विकास कुमार साह

**धितो राखिएको अचल सम्पत्ति विवरणः**

| | |
|---|---|
| धितोको विवरण | ५ थान सुनका गहनाहरु |
| तौल (जम्मा) | ३३ ग्राम |
| तौल (खुद) | २७ ग्राम |

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल, फोनः ९७७ १ ४४२७८४२/४३/२४, फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA

## PRESS RELEASE

### म्याक लुब्रिकेन्ट्स नयाँ प्याकेजिङमा



काठमाडौं, (नेस)

ग्लोबल फरच्यून ५०० र महारत्न कम्पनी, भारत पेट्रोलियम कर्पोरेसनले म्याक लुब्रिकेन्ट्सको नयाँ प्याकेजिङ रेन्जको शुरूआत गरेको छ। वीपीसीएलका अध्यक्ष तथा म्यानेजिङ डाइरेक्टर डी राजकुमार र सिप्रदी ट्रेडिङ प्रालिका कार्यकारी निर्देशक सिद्धार्थ शम्सेर जबराले त्यसको शुरूआत गर्नुभएको थियो। सिप्रदी ट्रेडिङ प्रालि म्याक लुब्रिकेन्ट्सको लागि नेपालको आधिकारिक बिक्रेता हो।

भविष्यलाई अंगाल्ने योजना अनुसार म्याक लुब्रिकेन्ट्सले सारै आकर्षक र नयाँ डिजाइनमा पूर्णरूपमा नयाँ रेन्जको प्याकेजिङको शुरूवात गरेको छ। नयाँ प्रविधि र वस्तुको कार्यगत क्षमताबाट उत्प्रेरित भएर आएको नयाँ प्याकमा भविष्यवादी जेन-एक्स प्रोफाइल भएकाले यसले बजारमा आफ्नो स्थान ओगट्ने कम्पनीको दाबी छ।

नयाँ प्याकमा भएका मुख्य विशेषतामध्ये ट्याम्पर इभिडेन्ट क्याप - ग्राहकको विश्वास जित्न र भरपर्दो प्रोडक्ट डेलिभरीको लागि, दुईवटा ह्याण्डल ग्रिप - सजिलै बोक्नको लागि टप ह्यान्डल र खन्याउन सजिलोको लागि साइड बटम ह्यान्डल रहेको छ।

टाटा इल्क्सीले डिजाइन गरेको यो नयाँ प्याक धेरै पटकको टेस्टपछि शुभारम्भ गरिएको छ। कम्पनीको भनाइ छ। यसलाई रातोः पेट्रोल इन्जिन सेग्मेन्टको लागि, गोल्ड : - प्रिमियम सेग्मेन्टको लागि (पेट्रोल/डिजेल), नीलो ग्रे : - डिजेलको लागि, गियर आयलको लागि, संरक्षित/विशेष सेग्मेन्टको लागि र ग्रिन - कृषि सामग्री तथा पर्यावरण अनुकुल सेग्मेन्टको लागि रहेको कम्पनीले जनाएको छ।

### सिटिजन्स बैंकको शाखा स्थानतरण

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले विराटनगरमा रहेको कार्यालयभन्दा करिब ५०० मिटरको दूरीमा रहेको रंगेली रोडमा रहेको भवनमा शाखा स्थानान्तरण गरेको छ। बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले बैंकिङ कारोबारको शुरूआत गर्नु भएको छ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले ७४ वटा शाखा, ७० वटा एटीएम र ९९ वटा शाखा रहित बैंकिङ इकाईबाट करिब ३ लाख ३५ हजार ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

मुलुक संघीय प्रणालीमा गएसँगै अब दुर्गम क्षेत्रका सर्व साधारणले बैंकिङ सेवा लिन जिल्ला सदरमुकाम वा शहर बजारमै पुग्नुपर्ने बाध्यात्मक परिस्थितिको अन्त्य गर्नका निम्ति अब आउने निकट भविष्यमा नै बैंकले प्युठानको झिमरुक, पूर्व रुकुमको भूमे, हुम्लाको नाम्खा, अछामको ढकारी, कैलालीको मोहन्याल, काठमाडौंको टोखा र थानकोटमा चालू आवमा थप शाखा सञ्चालन गर्ने योजना अगाडि सारेको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले जानकारी दिनुभयो।

## SHARE MARKET

**17 JUNE SUNDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 1083.00 | 320.00 | 314.00 | 320.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 3008.00 | 318.00 | 300.00 | 308.00 | -11.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 383.00 | 383.00 | 383.00 | 7.00 |
| 4 | Arun Kabeli Power Ltd. | 756.00 | 300.00 | 279.00 | 287.00 | -5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 419.00 | 164.00 | 157.00 | 164.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 170.00 | 713.00 | 700.00 | 700.00 | 0.00 |
| 7 | Bank of Kathmandu Ltd. | 3120.00 | 325.00 | 310.00 | 312.00 | -3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 6763.00 | 159.00 | 151.00 | 155.00 | 6.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 400.00 | 134.00 | 132.00 | 132.00 | -4.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 20.00 | 6040.00 | 5928.00 | 6040.00 | 228.00 |
| 11 | Butwal Power Company Limited | 5990.00 | 453.00 | 440.00 | 441.00 | -9.00 |
| 12 | Central Finance Co. Ltd. | 214.00 | 115.00 | 114.00 | 115.00 | -1.00 |
| 13 | Century Commercial Bank Ltd. | 8059.00 | 173.00 | 169.00 | 170.00 | -1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 634.00 | 930.00 | 899.00 | 899.00 | -31.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 949.00 | 155.00 | 148.00 | 151.00 | 4.00 |
| 16 | Chilime Hydropower Company Limited | 2697.00 | 772.00 | 760.00 | 760.00 | -15.00 |
| 17 | Citizen Bank International Limited | 3003.00 | 247.00 | 240.00 | 242.00 | -1.00 |
| 18 | Citizen Investment Trust | 133.00 | 2585.00 | 2550.00 | 2570.00 | -15.00 |
| 19 | Citizens Mutual Fund -1 | 7000.00 | 9.43 | 9.42 | 9.42 | -0.18 |
| 20 | Civil Bank Ltd | 51643.00 | 154.00 | 151.00 | 151.00 | -3.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 75.00 | 745.00 | 726.00 | 745.00 | 9.00 |
| 22 | Corporate Development Bank Limited | 100.00 | 114.00 | 114.00 | 114.00 | 2.00 |
| 23 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 2088.00 | 787.00 | 751.00 | 787.00 | 12.00 |
| 24 | Deva Bikas Bank Limited | 211.00 | 134.00 | 133.00 | 133.00 | -2.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 433.00 | 119.00 | 113.00 | 113.00 | -4.00 |
| 26 | Everest Bank Limited | 9962.00 | 689.00 | 676.00 | 679.00 | -7.00 |
| 27 | Everest Bank Limited Con. Pref. | 10.00 | 569.00 | 569.00 | 569.00 | 11.00 |
| 28 | Everest Insurance Co. Ltd. | 92.00 | 1390.00 | 1372.00 | 1380.00 | -20.00 |
| 29 | Excel Development Bank Ltd. | 500.00 | 325.00 | 319.00 | 319.00 | -12.00 |
| 30 | First Micro Finance Dev.Bank Ltd. | 2384.00 | 556.00 | 550.00 | 553.00 | -14.00 |
| 31 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 251.00 | 2320.00 | 2235.00 | 2235.00 | -45.00 |
| 32 | Gandaki Bikas Bank Limited | 3023.00 | 198.00 | 195.00 | 195.00 | -5.00 |
| 33 | Garima Bikas Bank Limited | 3362.00 | 183.00 | 180.00 | 180.00 | 0.00 |
| 34 | Global IME Bank Limited | 6440.00 | 298.00 | 294.00 | 294.00 | -3.00 |
| 35 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 77.00 | 1160.00 | 1153.00 | 1160.00 | -16.00 |
| 36 | Goodwill Finance Co. Ltd. | 46.00 | 121.00 | 121.00 | 121.00 | -2.00 |
| 37 | Grameen Bikas Lag.Bittiya San. Ltd. | 35147.00 | 667.00 | 636.00 | 649.00 | 6.00 |
| 38 | Green Development Bank Ltd. | 120.00 | 143.00 | 141.00 | 141.00 | -4.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 230.00 | 891.00 | 890.00 | 890.00 | -4.00 |
| 40 | Gurkhas Finance Ltd. | 306.00 | 113.00 | 108.00 | 113.00 | 1.00 |
| 41 | Hamro Bikas Bank Ltd. | 910.00 | 137.00 | 136.00 | 136.00 | -2.00 |
| 42 | Hathway Finance Company Limited | 360.00 | 132.00 | 131.00 | 131.00 | -1.00 |
| 43 | Himalayan Bank Limited | 648.00 | 560.00 | 555.00 | 558.00 | -2.00 |
| 44 | Himalayan Distillery Limited | 10.00 | 1317.00 | 1317.00 | 1317.00 | 25.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 422.00 | 462.00 | 460.00 | 461.00 | -8.00 |
| 46 | Himalayan Power Partner Ltd. | 3150.00 | 305.00 | 298.00 | 299.00 | -9.00 |
| 47 | ICFC Finance Limited | 43.00 | 175.00 | 175.00 | 175.00 | -3.00 |
| 48 | IME General Insurance Ltd. | 70.00 | 900.00 | 895.00 | 895.00 | -22.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3523.00 | 160.00 | 156.00 | 156.00 | -4.00 |
| 50 | Janaki Finance Ltd. | 1211.00 | 170.00 | 167.00 | 167.00 | -6.00 |
| 51 | Janata Bank Nepal Ltd. | 6517.00 | 158.00 | 154.00 | 158.00 | 2.00 |
| 52 | Janautthan Sam.Lag. Bikas Bank Ltd. | 74.00 | 3000.00 | 3000.00 | 3000.00 | -2.00 |
| 53 | Jebils Finance Ltd. | 1185.00 | 103.00 | 100.00 | 100.00 | -4.00 |
| 54 | Jyoti Bikas Bank Limited | 1182.00 | 139.00 | 136.00 | 138.00 | 0.00 |
| 55 | Kabeli Bikas Bank Limited | 330.00 | 234.00 | 226.00 | 226.00 | -8.00 |
| 56 | Kailash Bikas Bank Ltd. | 2125.00 | 232.00 | 227.00 | 232.00 | 4.00 |
| 57 | Kalika Microcredit Dev. Bank Ltd. | 915.00 | 1355.00 | 1332.00 | 1332.00 | -48.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 13075.00 | 157.00 | 154.00 | 155.00 | -1.00 |
| 59 | Kanchan Development Bank Limited | 286.00 | 178.00 | 178.00 | 178.00 | -2.00 |
| 60 | Kankai Bikas Bank Ltd. | 16.00 | 129.00 | 129.00 | 129.00 | -1.00 |
| 61 | Karnali Development Bank Limited | 30.00 | 114.00 | 112.00 | 112.00 | -3.00 |
| 62 | Khanikhola Hydropower Co. Ltd. | 204.00 | 115.00 | 112.00 | 114.00 | -3.00 |
| 63 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 130.00 | 1745.00 | 1700.00 | 1700.00 | -80.00 |
| 64 | Kumari Bank Limited | 7045.00 | 218.00 | 210.00 | 213.00 | -2.00 |
| 65 | Laxmi Bank Limited | 12059.00 | 269.00 | 264.00 | 264.00 | -2.00 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 313.00 | 1135.00 | 1120.00 | 1135.00 | -6.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 1667.00 | 152.00 | 148.00 | 148.00 | -2.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 1093.00 | 561.00 | 554.00 | 556.00 | -5.00 |
| 69 | Machhapuchhre Bank Limited | 4882.00 | 217.00 | 212.00 | 212.00 | -5.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 3021.00 | 175.00 | 165.00 | 165.00 | -3.00 |
| 71 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 320.00 | 2750.00 | 2665.00 | 2718.00 | -12.00 |
| 72 | Mega Bank Nepal Ltd. | 46574.00 | 187.00 | 179.00 | 181.00 | 0.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 898.00 | 1099.00 | 1064.00 | 1070.00 | -15.00 |
| 74 | Mirmire Microfinance Dev. Bank Ltd. | 200.00 | 1641.00 | 1634.00 | 1634.00 | -33.00 |
| 75 | Miteri Development Bank Limited | 743.00 | 295.00 | 285.00 | 285.00 | -5.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 3272.00 | 385.00 | 381.00 | 381.00 | -2.00 |
| 77 | Nabil Bank Limited | 3161.00 | 959.00 | 940.00 | 942.00 | -16.00 |
| 78 | NABIL Bank Limited Promotor Share | 13711.00 | 753.00 | 740.00 | 740.00 | -15.00 |
| 79 | Nabil Equity Fund | 966.00 | 8.51 | 8.51 | 8.51 | 0.00 |
| 80 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 225.00 | 2583.00 | 2501.00 | 2505.00 | -75.00 |
| 81 | National Hydro Power Company Limited | 3000.00 | 89.00 | 88.00 | 88.00 | 0.00 |
| 82 | National Life Insurance Co. Ltd. | 970.00 | 1280.00 | 1275.00 | 1275.00 | -20.00 |
| 83 | National Life Insurance Co. Ltd. Pro.Share | 306.00 | 695.00 | 695.00 | 695.00 | 0.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 201.00 | 2300.00 | 2272.00 | 2295.00 | -20.00 |
| 85 | Neco Insurance Co. Ltd. | 2222.00 | 564.00 | 560.00 | 561.00 | -9.00 |
| 86 | Nepal Bangladesh Bank Limited | 8426.00 | 223.00 | 212.00 | 214.00 | -5.00 |
| 87 | Nepal Bank Limited | 43872.00 | 312.00 | 300.00 | 300.00 | -14.00 |
| 88 | Nepal Credit & Comm. Bank Ltd. Pro. Share | 1000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 89 | Nepal Credit And Comm. Bank Limited | 8217.00 | 250.00 | 245.00 | 245.00 | -10.00 |
| 90 | Nepal Doorsanchar Comapany Limited | 1287.00 | 730.00 | 725.00 | 725.00 | -9.00 |
| 91 | Nepal Hydro Developers Ltd. | 690.00 | 219.00 | 208.00 | 219.00 | 4.00 |
| 92 | Nepal Insurance Co. Ltd. | 1672.00 | 675.00 | 650.00 | 673.00 | -7.00 |
| 93 | Nepal Investment Bank Limited | 6233.00 | 629.00 | 617.00 | 625.00 | 0.00 |
| 94 | Nepal Investment Bank Ltd. Pro. Share | 1020.00 | 555.00 | 554.00 | 554.00 | -2.00 |
| 95 | Nepal Life Insurance Co. Ltd. | 4576.00 | 1030.00 | 1010.00 | 1017.00 | -8.00 |
| 96 | Nepal SBI Bank Limited | 6523.00 | 515.00 | 500.00 | 502.00 | -13.00 |
| 97 | Nerude Laghubita Bikas Bank Limited | 1680.00 | 675.00 | 651.00 | 675.00 | -5.00 |
| 98 | Ngadi Group Power Ltd. | 362.00 | 186.00 | 180.00 | 180.00 | -5.00 |
| 99 | NIBL Pragati Fund | 5050.00 | 8.16 | 8.16 | 8.16 | 0.16 |
| 100 | NIBL Samriddhi Fund 1 | 400.00 | 10.50 | 10.50 | 10.50 | -0.10 |
| 101 | NIC Asia Bank Ltd. | 23503.00 | 325.00 | 318.00 | 320.00 | -7.00 |
| 102 | NIC Asia Growth Fund | 500.00 | 9.00 | 9.00 | 9.00 | 0.18 |
| 103 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 380.00 | 1126.00 | 1110.00 | 1110.00 | -21.00 |
| 104 | NLG Insurance Company Ltd. | 3423.00 | 905.00 | 885.00 | 890.00 | -30.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 40.00 | 1453.00 | 1453.00 | 1453.00 | -26.00 |
| 106 | NMB Bank Limited | 54367.00 | 365.00 | 355.00 | 355.00 | -17.00 |
| 107 | NMB Hybrid Fund L-1 | 5825.00 | 9.21 | 9.20 | 9.21 | 0.00 |
| 108 | Om Development Bank Ltd. | 1130.00 | 189.00 | 180.00 | 180.00 | -6.00 |
| 109 | Oriental Hotels Limited | 3223.00 | 535.00 | 525.00 | 526.00 | -16.00 |
| 110 | Pokhara Finance Ltd. | 751.00 | 136.00 | 132.00 | 132.00 | -3.00 |
| 111 | Prabhu Bank Limited | 7348.00 | 201.00 | 196.00 | 199.00 | 1.00 |
| 112 | Prabhu Insurance Ltd. | 1338.00 | 530.00 | 518.00 | 522.00 | -6.00 |
| 113 | Premier Insurance Co. Ltd. | 1725.00 | 1190.00 | 1180.00 | 1185.00 | -11.00 |
| 114 | Prime Commercial Bank Ltd. | 5052.00 | 297.00 | 291.00 | 291.00 | -5.00 |
| 115 | Prime Life Insurance Company Limited | 20115.00 | 621.00 | 585.00 | 590.00 | -43.00 |
| 116 | Prudential Insurance Co. Ltd. | 1415.00 | 803.00 | 795.00 | 795.00 | -15.00 |
| 117 | Purnima Bikas Bank Ltd. | 200.00 | 180.00 | 180.00 | 180.00 | -3.00 |
| 118 | Radhi Bidyut Company Ltd | 17041.00 | 319.00 | 287.00 | 319.00 | 29.00 |
| 119 | Rastriya Beema Company Limited | 20.00 | 11221.00 | 11200.00 | 11200.00 | -21.00 |
| 120 | Rastriya Beema Co. Limited Pro. Share | 140.00 | 10440.00 | 10146.00 | 10146.00 | -294.00 |
| 121 | Reliance Finance Ltd. | 1465.00 | 124.00 | 120.00 | 120.00 | -5.00 |
| 122 | Ridi Hydropower Dev. Company Ltd. | 561.00 | 126.00 | 125.00 | 126.00 | -1.00 |
| 123 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1244.00 | 543.00 | 535.00 | 543.00 | -6.00 |
| 124 | Rural Microfinance Dev.Centre Ltd. | 848.00 | 680.00 | 675.00 | 675.00 | -15.00 |
| 125 | Samata Microfinance Bittiya Sanstha Ltd. | 96.00 | 1785.00 | 1655.00 | 1785.00 | 162.00 |
| 126 | Sana Kisan Bikas Bank Ltd | 1025.00 | 1190.00 | 1170.00 | 1182.00 | -11.00 |
| 127 | Sanima Bank Limited | 9313.00 | 335.00 | 328.00 | 332.00 | -2.00 |
| 128 | Sanima Equity Fund | 1100.00 | 9.10 | 9.09 | 9.10 | 0.00 |
| 129 | Sanima Mai Hydropower Ltd. | 11498.00 | 353.00 | 337.00 | 338.00 | -9.00 |
| 130 | Saptakoshi Development Bank Ltd. | 397.00 | 122.00 | 121.00 | 121.00 | -2.00 |
| 131 | Shangrila Development Bank Ltd. | 6078.00 | 165.00 | 162.00 | 163.00 | 0.00 |
| 132 | Shikhar Insurance Co. Ltd. | 1331.00 | 989.00 | 975.00 | 985.00 | 5.00 |
| 133 | Shine Resunga Development Bank Ltd. | 57.00 | 295.00 | 295.00 | 295.00 | 0.00 |
| 134 | Shree Investment & Fin. Co. Ltd. Pro. Share | 44433.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 135 | Shree Investment Finance Co. Ltd. | 10029.00 | 222.00 | 212.00 | 212.00 | -6.00 |
| 136 | Siddhartha Bank Limited | 5434.00 | 314.00 | 310.00 | 310.00 | -5.00 |
| 137 | Siddhartha Equity Fund | 400.00 | 8.90 | 8.90 | 8.90 | -0.13 |
| 138 | Siddhartha Insurance Ltd. | 716.00 | 710.00 | 691.00 | 691.00 | -14.00 |
| 139 | Sindhu Bikash Bank Ltd | 573.00 | 140.00 | 138.00 | 140.00 | 4.00 |
| 140 | Soaltee Hotel Limited | 300.00 | 258.00 | 251.00 | 258.00 | 9.00 |
| 141 | Standard Chartered Bank Limited | 2307.00 | 773.00 | 756.00 | 773.00 | 3.00 |
| 142 | Summit Micro Finance Dev. Bank Ltd. | 550.00 | 972.00 | 968.00 | 968.00 | -18.00 |

Total Amount Rs. 245,053,770 Total Quantity 664,521 Total No of Transactions 4,361




विशेष अनुदानतर्फ मकवानपुरको राक्सिराङ गाउँपालिकालाई ५ करोड विनियोजन भएको छ। प्रदेशका १३ जिल्लाका एक स्थानीय तहलाई विशेष अनुदान दिइने शुक्रबारको बजेट वक्तव्यमा उल्लेख छ। सोहीअनुसार विशेष अनुदान मकवानपुरमा राक्सिराङ गाउँपालिकाले रकम पाएको छ।

# कालिमाटीका व्यवसायीसँगको सम्झौता रद्द गरिँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

कालिमाटी फलफूल तथा तरकारी बजारमा कार्यविधि उलंघन गरेर व्यवसाय गर्ने व्यापारीलाई लिखित स्पष्टिकरण पेश गर्न दिएको एक हप्ताको म्याद आइतबार सकिएको छ। अघिल्लो आइतबारदेखि व्यपारीहरूलाई पत्र बुझाउन शुरू गरिएको थियो। तर, समयमै पत्र बुझ्न नआएकाले उनीहरू माथिको कारबाही प्रक्रिया लम्बिएको छ। सबै व्यापारीलाई पत्र बुझाइसकेको कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले जनाएको छ। पत्र बुझ्न नआउने दुई जना व्यवसायीको पसलमा आइतबार पत्र टाँस गरिएको छ। पत्र बुझेको एक हप्ताभित्रमा लिखित स्पष्टिकरण बुझाउनुपर्ने प्रावधानका कारण आगामी ९ गतेदेखि मात्र कारबाही प्रक्रिया अघि बढ्ने भएको हो।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री चक्रपाणि खनाल बलदेव नेतृत्वको टोलीले कालिमाटी फलफूल तथा तरकारी बजारमा छापा मारेपछि जेठ २५ गते बसेको बोर्ड बैठकले व्यवसायीलाई चार भागमा वर्गीकरण गरेको थियो।

जसअनुसार कार्यविधि पूर्णरूपमा उल्लंघन गर्ने ९९ जनालाई रातो, अलि कम उल्लंघन गर्ने १३१ जनालाई निलो, फाट्टफुट्ट नियम उल्लंघन गर्ने २०९ जनालाई पहेलो रङमा वर्गीकरण गरेको थियो। पूर्ण रूपमा नियम पालना गर्ने व्यापारी १५९ जना कायम भएका छन्।

आइतबारसम्म रातो समूहमा पर्ने ९० जनाले स्पष्टिकरण पेश गरेका छन्। बाकीभने अनुपस्थित रहे। अव उनीहरूमाथि असार ९ गतेपछि बोर्ड बैठक बसेर कारबाही प्रक्रिया थालिने कालिमाटी फलफूल तथा बजार विकास समितिका कार्यकारी निर्देशक तेजेन्द्रप्रसाद पोखेलले जानकारी दिनुभयो। कसैले बिरामी परेको, आफू विदेशमा भएकाले आफन्तले व्यवसाय सञ्चालन गरेको जस्ता कारणसहितका स्पष्टिकरण आएको भन्दै पोखेलले ९९ जनामध्ये एक दुई जनाबाहेक सबैको इजाजत पत्र खारेज गरी सम्झौता रद्द गरिने जानकारी दिए।

बोर्ड कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति, किसानका प्रतिनिधि र व्यवसायी गरी ११ सदस्यीय छ।

निलो समूहमा परेका १३१ जनामध्येबाट झण्डै २०/२५ जना रातो समूहमा पर्ने देखिएको छ। रातो समूहमा पर्नेले पनि बोर्ड बैठक बसेर निर्णय गर्नु अघिसम्म व्यवसाय सञ्चालन गर्न पाउने भएका छन्। समितिलाई बोर्ड बैठकले निर्णय नगरी कारबाही गर्ने अधिकार नभएकाले प्रक्रिया लम्बिएको पोखेलको भनाइ छ। समितिले आफूहरूलाई कारबाही नगर्न भन्दै केही व्यवसायीबाट व्यक्तिगत दबाबको पनि सामना गरिरहेको बताएको छ।

# 'अब निर्माण व्यवसायीलाई धरपकड हुँदैन'

**नेपाल समाचारपत्र**

काठमाडौं

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले निर्माण व्यवसायीलाई अब कुनै किसिमको धरपकड नगरिने स्पष्ट पार्नु भएको छ। राजधानीमा मन्त्री महासेठ स्वयम् अध्यक्ष रहनु भएको निर्माण व्यवसाय विकास परिषद्को बैठकमा मन्त्री महासेठले अब व्यवसायीलाई विगतमा जस्तो व्यवहार नगरिने जानकारी दिनुभयो।

सोही बैठकमा नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डको ज्ञापनपत्र बुझ्दै मन्त्री महासेठले कुनै पनि निर्माण व्यवसायीलाई धरपकड भएमा तुरुन्त आफूलाई खबर गर्न आग्रह गर्नुभयो। निर्माण कार्य ढिलो हुनुमा व्यवसायीको मात्र दोष नरहने नभएको भन्दै मन्त्री महासेठले अब व्यवसायीलाई धरपकड नगरिने जानकारी दिनुभयो। 'कतै रुख काटेको हुँदैन, कतै बिजुलीको पोल सारेको हुँदैन, यस्ता कारणले पनि निर्माण कार्य ढिलो भएका छन्, त्यसैले व्यवसायीलाई मात्र दोष दिन मिल्दैन' मन्त्री महासेठले भन्नुभयो।

कहीँ कतै निर्माण कार्यमा कमजोरी देखिए त्यसमा व्यवसायी मात्र नभएर प्राविधिक पनि दोषी ठहरिने मन्त्री महासेठको भनाइ थियो। निर्माण कार्यलाई छिटो छरितो बनाउन साइट क्लियरेन्स नगरी टेन्डर आह्वान नगर्न आफूले सडक विभागलाई निर्देशन दिइसकेको मन्त्री महासेठले बताउनुभयो। साथै उहाँले डिजाइनको काम पनि अब सरकार आफैंले गर्ने बताउनुभयो।

निर्माण व्यवसायी र सरकारको सम्बन्ध नङ-मासुको जस्तै हुनुपर्ने भन्दै मन्त्री महासेठले मुलुक निर्माणका लागि सबैले इमानदारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो। 'ए' क्लासका कन्ट्र्याक्टर देश विकासका लागि मेरुदण्ड भएको उल्लेख गर्दै उहाँले वर्तमान सरकार सबै निर्माण व्यवसायीलाई स्थापित गर्न चाहन्छ भन्नुभयो। तर, उहँले जानी जानी गलत काम गर्ने कसैलाई नछाडिने बताउनुभयो। 'गलत काम गर्ने व्यवसायी हुन् या प्राविधिक, कसैलाई छाडिँदैन' मन्त्री महासेठको भनाइ थियो। व्यवसायीहरूको ठूलो रकम बराबरको भुक्तानी रोकिएको सर्न्दमा उहाँले समस्या समाधानका लाीग पहल भइरहेको जानकारी दिनुभयो।

यसैबीच निर्माण व्यवसायीमाथि भइरहेको धरपकडको विरोध गर्दै व्यवसायीका विविध समस्या (चन्दा आतंक, असुरक्षा, सरकारी निकायबीचको समन्वय अभाव, निरन्तरको महँगी, निर्माण सामग्रीको अभाव) बारे प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराउन आइतबार विहान ७७ जिल्लाका निर्माण व्यवसायी संघले जिल्ला प्रशासन कार्यालयमा गई प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन्। साथै सातै प्रदेशका प्रदेश महासंघले पनि मुख्यमन्त्रीमार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोही व्योहराको ज्ञापनपत्र बुझाएका छन्।

## PRESS RELEASE

### मेगा बैंकको साढे १२ प्रतिशत ब्याजदरको खाता सञ्चालन

काठमाडौं, (नेस)

मेगा बैंक नेपालले ग्राहकका लागि आकर्षक मुद्दती खाता योजना र दुई वटा आकर्षक बचत खाता योजना ल्याएको छ। जसअन्तर्गत बैंकले 'मेगा राइजिङ मुद्दती खाता' योजना ल्याएको हो। न्यूनतम १ लाख रुपियाँमै मुद्दती खाता खोल्न सकिने यो खातामा मासिक रूपमा ब्याज भुक्तानी हुने गरी वार्षिक १२.५ प्रतिशत ब्याज पाइनेछ। यस योजनामा ग्राहकलाई निक्षेपको ९० प्रतिशतसम्म ओभरड्राफ्ट सुविधा दिइने मेगा बैंकले जनाएको छ।

'मेगा राइजिङ बचत खाता' योजनामा पनि उत्तिकै आकर्षक सुविधाहरू समावेश गरिएको छ। न्यूनतम १० हजार रुपियाँमै बचत खाता खोल्न सकिने यो खातामा त्रैमासिक रूपमा ब्याज भुक्तानी हुने गरी बार्षिक ८.५० प्रतिशत ब्याज पाइनेछ। यो योजनामा ग्राहकका लागि चेकबुक, अकाउन्ट स्टेटमेन्ट, सि-आस्बा सेवा निःशुल्क बनाइएको छ। यस्तै, दुई लाख रुपियाँसम्म एबीबीएस सेवा निःशुल्क गरिएको छ। त्यस्तै 'मेगा कर्पोरेट बेनिफिट बचत खाता' योजनामा त्रैमासिक रूपमा ब्याज भुक्तानी हुने गरी वार्षिक ८.२५ प्रतिशत ब्याज पाइने यो खाता एक हजार रुपियाँमै खोल्न सकिनेको साथै उत्तिकै आकर्षक सुविधाहरू समावेश गरिएको छ। यो योजनामा चेक बुक, मेगा अनलाइन बैंकिङ, भिसा डेबिट कार्ड, अकाउन्ट स्टेटमेन्ट, सी-आस्बा सेवा निःशुल्क पाइनेछ। यस्तै, दुई लाख रुपियाँसम्म एबीबीएस सेवा पनि निःशुल्क गरिएको छ।

### महालक्ष्मी विकास बैंकद्वारा सहयोग

काठमाडौं, (नेस)

महालक्ष्मी विकास बैंकले दाङको तुलसीपुरमा कार्यरत किशोरकुमार बडु मोटरसाइकल दुर्घटना परी असामयिक निधन भएकोमा दुःख व्यक्त गर्दै बैतडी शाखामा आयोजना गरेको एक कार्यक्रमकाबीच शोक सन्तप्त परिवारलाई सात लाख रुपियाँ सहयोग गरेको छ।

सोही अवसरमा बैंकका सञ्चालक समितिका अध्यक्ष राजेश उपाध्यायले पनि व्यक्तिगत तर्फबाट २५, हजार रुपियाँ सहयोग गर्नुभएको थियो। उक्त रकमको चेक स्व. बडुका पिता जनकबहादुर बडुलाई बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछानेले हस्तान्तरण गर्नुभएको हो।

### प्रभु टीभी शुरू भयो

काठमाडौं, (नेस)




प्रभु समूहले डिजिटल भिडियो प्रशारणमा आधारित भएर प्रभु टिभीको सेवा प्रारम्भ गरेको छ। प्रभु समूहका अध्यक्ष देवीप्रकाश भट्टचनले यस सेवाको प्रदर्शन गरी सेव शुरू भएको थियो। सूचना प्रविधिको विकासको क्रमसँगै ओटीटी प्रणालीमा आधारित भएर मोबाइल, ट्याब्लेट तथा ल्याबटपमा समेत आफूले छानेको च्यानल हेर्नसकिनेछ। प्रभु टिभी कल साइनमा देशव्यापी रूपमा वर्षको ३६५ दिन नै उच्च गुणस्तरीय डिजिटल टिभी च्यानलको प्रशारण सेवा प्रदान गर्ने कम्पनीको दाबी छ। यस प्रभु टिभी कल साइनमार्फत प्रविधिमा आधारित भएर विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टिभी च्यानल टिभी तथा ओटीटी प्रविधिमा मोबाइल, ट्याब्लेट तथा ल्याबटपमा इन्टरनेटको माध्यमबाट देशभरि नै वितरण गर्नेछ।

प्रभु टिभीको आधिकारिक सेटअप बक्स र जडान गर्न सहज एटिनाको खरीदसँगै ग्राहकलाई सबै स्थानीय प्रशारित टिभी च्यानलको पहुँच हुनेछ। यसका साथै अन्तर्राष्ट्रिय टिभी च्यानल र विशेष कार्यक्रमसमेत उच्च गुण स्तरमा न्यूनतम शुल्कमा हेर्न सकिनेछ। प्रारम्भिक रूपमा यस प्रभु टिभीले काठमाडौं, चितवन र पोखरामा आफ्ना सेवा प्रदान गर्ने भए पनि भविष्यमा अन्य स्थानहरूमा क्रमिक रूपमा विस्तार गर्दै लैजानेछ। एकल प्रयोगकर्ताको लागि छ महिनाको १६ सय तथा सेटअप बक्स वापत हजार र संस्थागत प्रयोगकर्तालाई मासिक २ सय सेटअप बक्स वापत ८ सय रुपियाँ तिर्नुपर्ने कम्पनीले जनाएको छ।

# सुजुकीको तेस्रो संस्करणको स्विफ्ट बजारमा




काठमाडौं, (नेस)

सुजुकीका चार पाङ्ग्रे सवारी साधनको नेपालका लागि आधिकारिक बिक्रेता तथा सीजी होल्डिङको अटोमोटिभ विभाग सीजीमोटोकर्पले स्विफ्टको तेस्रो संस्करणको मोडल बजारमा ल्याएको छ।

उक्त मोडेलको अनावरण सीजी होल्डिङ्सका प्रबन्ध निर्देशक अरूण चौधरी र राष्ट्रिय क्रिकेट खेलाडी शक्ति गौचनल संयुक्त रूपमा गर्नु भएको थियो।

नयाँ स्विफ्ट सिंगल एपर्चर फ्रन्ट ग्रील, एल इडी प्रोजेक्टर हेडल्याम्प, कट टु-टोन अलोय व्हील तथा अर्बन स्याटिन क्रोमयुक्त इन्टेरियर डिजाइनको साथै १.२ लिटर भीभीटी जस्ता प्रविधिले उच्चस्तरीय पर्फोमेन्स् र यात्रु, पैदल यात्री एवं बालबच्चाको सुरक्षामा केन्द्रित डुवल एयरब्याग, र टोटल इफेक्टिभ कन्ट्रोल टेक्नोलोजी प्रविधिसँगै ल्याइएको हो। सुजुकीको पाँचौ संस्करण हर्टेक्ट प्ल्याटफर्ममा निर्मित नयाँ स्विषटको पावर र तौलको उत्कृष्ट अनुपातसहित सुधार गरिएको एक्सलरेशन पर्फोमेन्स् सहित बजारमा ल्याइएको कम्पनीको भनाइ छ।

स्विफ्टको यस नयाँ मोडेल प्रस्तुत गर्दै सीजी मोटो कोर्पका कार्यकारी निर्देशक करण चौधरीले भन्नुभयो-'यस नयाँ स्विफ्ट यसको आकर्षक रूप तथा उत्कृष्ट पर्फोमेन्स्को लागि रुचाइएको छ। यस नयाँ संस्करणसँगै, यसका फिचर एक नयाँ शिखरमा पुगेका छन्। २००५ मायसको शुरूवातसँगै स्विफ्ट राष्ट्रकै पहिलो रोजाइको सवारी बन्न पुगेको छ। मजबुति, उत्कृष्ट पर्फोमेन्स् तथा आधुनिक सुरक्षा प्रविधियुक्त यस नयाँ प्रस्तुती सुजुकीको अभिनव पाँचौ संस्करण हर्टेक्ट प्ल्याट फर्ममा निर्मित छ। '

यस मोडेलले पेट्रोलमा २२ किमि/लिटर प्रदान गर्दछ। २८ प्रशितशत धेरै लगेज स्पेसको सुविधा प्रदान गर्ने यस सवारीको ४० मिमि धेरै चौडा र २० मिमि लामो व्हील बेस रहेको छ। यस मोडेलको विकासमा ७०० करोडभन्दा धेरै लागत देखिएको छ। यस सवारीको प्रारम्भिक अफर सहित मूल्य २८ लाख ९९ हजार तोकिएको कम्पनीले जनाएको छ।

# १३ जिल्लालाई ५ अर्ब २९ करोड

**नेपाल समाचारपत्र**

हेटौंडा

प्रदेश नम्बर ३ सरकारले प्रदेशका १३ जिल्लालाई ५ अर्ब २८ करोड ८२ लाख विनियोजन गरेको छ। जसमा वित्तीय समानीकरणतर्फ १ अर्ब, सशर्त अनुदानतर्फ ३ अर्ब ६३ करोड ८२ लाख र विशेष अनुदानतर्फ ६५ करोड विनियोजन गरिएको छ। दोलखालाई ३३ करोड २४ लाख ५२ हजार, रामेछापलाई २९ करोड ७२ लाख ९९ हजार, सिन्धुलीलाई ३४ करोड ५७ लाख ५९ हजार, काभ्रेपलाञ्चोकलाई ४५ करोड १ लाख ७० हजार विनियोजन भएको छ। सिन्धुपाल्चोकलाई ४४ करोड १ लाख, रसुवालाई १९ करोड ३ लाख ५३ हजार, नुवाकोटलाई ४३ करोड ८६ लाख ३३ हजार, धादिङलाई ४७ करोड ६९ लाख ४ हजार, चितवनलाई ४५ करोड ६३ लाख ७१ हजार विनियोजन भएको छ।

मकवानपुरलाई ३९ करोड ६५ लाख ६९ हजार, भक्तपुरलाई २६ करोड ६७ लाख ९० हजार, ललितपुरलाई ३९ करोड ९ लाख १९ हजार र काठमाडौंलाई ७ करोड ८० लाख ५७ हजार विनियोजन भएको छ। मकवानपुरका १० स्थानीय तहलाई ३९ करोड ६५ लाख ६९ हजार रुपियाँ विनियोजन गरिएको छ। प्रदेश सरकारले मकवानपुरका स्थानीय तहलाई वित्तीय समानीकरणतर्फ ८ करोड २३ लाख ७५ हजार रुपियाँ विनियोजन गरेको छ भने सशर्त अनुदानतर्फ २६ करोड ४१ लाख ९४ हजार विनियोजन गरेको छ।

विशेष अनुदानतर्फ मकवानपुरको राक्सिराङ गाउँपालिकालाई ५ करोड विनियोजन भएको छ। प्रदेशका १३ जिल्लाका एक स्थानीय तहलाई विशेष अनुदान दिइने शुक्रबारको बजेट वक्तव्यमा उल्लेख छ। सोहीअनुसार विशेष अनुदान मकवानपुरमा राक्सिराङ गाउँपालिकाले रकम पाएको छ। हेटौंडा उपमहानगरपालिकाले सबैभन्दा बढी ८ करोड १७ लाख ४३ हजार पाउने भएको छ। थाहा नगरपालिकालाई वित्तीय समानीकरणतर्फ १ लाख ७ हजार र सशर्त अनुदानतर्फ २ करोड २८ लाख ५० हजार रुपियाँ गरी ३ करोड १० लाख २८ हजार रुपियाँ विनियोजन भएको छ।

८ गाउँपालिकालाई २८ करोड ३७ लाख ९८ हजार विनियोजन भएको छ, जसमा वित्तीय समानीकरणतर्फ ६ करोड ३१ लाख ८६ हजार र सशर्त अनुदानतर्फ १७ करोड ६ लाख १२ हजार विनियाजन भएको छ। इन्द्रसरोवर गाउँपालिकालाई ७६ लाख ६४ हजार वित्तीय समानीकरण र १ करोड ५६ लाख सशर्त अनुदान गरी २ करोड ३२ लाख ६४ हजार विनियोजन भएको छ। कैलाश गाउँपालिकालाई ३ करोड ३ लाख ४७ हजार विनियोजन भएको छ, जसमा ७७ लाख ३४ हजार वित्तीय समानीकरण र २ करोड २६ लाख १३ हजार सशर्त अनुदान छ।

बकैया गाउँपालिकालाई वित्तीय समानीकरणतर्फ १ लाख ३३ हजार र सशर्त अनुदानतर्फ १ करोड ५२ लाख ४५ हजार रुपियाँ गरी २ करोड ३३ लाख ७ हजार रुपियाँ विनियोजन भएको छ। भीमफेदी गाउँपालिकालाई ७६ लाख ७० हजार वित्तीय समानीकरण र २ करोड ७८ लाख २५ हजार रुपियाँ सशर्त अनुदान गरी ३ करोड ५४ लाख ९५ हजार, मकवानपुरगढी गाउँपालिकालाई ७९ लाख ११ हजार वित्तीय समानीकरण र १ करोड ७१ लाख सशर्त अनुदान गरी २ करोड ५० लाख ११ हजार रुपियाँ, मनहरीलाई ८१ लाख ७३ हजार वित्तीय समानीकरण र २ करोड २३ लाख ५० हजार सशर्त अनुदान गरी ३ करोड ५ लाख २३ हजार विनियोजन भएको छ।

राक्सिराङ गाउँपालिकालाई वित्तीय समानीकरणतर्फ ७९ लाख ५० हजार, सशर्त अनुदानतर्फ १ करोड ८७ लाख ४ हजार र विशेष अनुदानतर्फ ५ करोड गरी ७ करोड ३६ लाख ५४ हजार विनियोजन भएको छ। बागमती गाउँपालिकालाई ७९ लाख ५१ हजार वित्तीय समानीकरण र सशर्त ३ करोड ११ लाख ७५ हजार गरी ३ करोड ९१ लाख २६ हजार विनियोजन भएको छ।




भर्खरै !
भर्खरै के भयो दुनियामा ?
भर्खरै सोध्नुहोस् हामीलाई
भर्खरै हाजिर हुनेछ
जबाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ
भर्खरै !